म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ३५ सोमबार १७ भदौ २०८१ ने. सं. ११४४ गुँलागा 2 September 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौँडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८४५०७०१५६

## डीडीसीलाई 'पाउडर प्लान्ट'को साँचो सुम्पिने तयारी

साझाकुरा संवाददाता

हेटौँडा,१६ भदौ/हेटौँडा उपमहानगरपालिका-१०, स्थित धुलो दूध कारखाना (पाउडर प्लान्ट) सञ्चालनको जिम्मा दुग्ध विकास संस्थान (डीडीसी)लाई दिने तयारी गरिएको छ ।

विस्तृत कार्ययोजना कार्यविधिबिना हचुवामै निर्माण गरिएको धुलो दूध कारखाना सञ्चालनको अस्थायी जिम्मा दुग्ध विकास संस्थान (डीडीसी)लाई दिने तयारी बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गरेको हो । स्थायी रुपमा सञ्चालनको कार्ययोजना नबनेसम्म डीडीसीले नै प्लान्ट चलाउने गरी साँचो सुम्पिने तयारी गरिएको छ । तर, दीर्घकालीन सञ्चालनको कार्ययोजना मन्त्रालयले कति समयमा बनाउँछ ? त्यो भने टुंगो छैन ।

६ भदौ २०८१ मा प्रदेश दुग्ध विकास बोर्डका अध्यक्षसमेत रहेका कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठको अध्यक्षतामा बसेको कारखाना सञ्चालनसम्बन्धी बैठकले डीडीसीलाई सञ्चालन कार्ययोजना सहित प्रस्ताव पेश गर्ने निर्णय गरेको छ । बैठकमा दुग्ध विकास संस्थानका महाप्रबन्धक डा.सूर्य पौडेल, हेटौँडा दुग्ध वितरण आयोजनाका आयोजना प्रमुख राजीव खनाललगायत उपस्थित थिए ।

उद्योगको दीर्घकालीन सञ्चालन मोडालिटी बारे मन्त्रालय नै अन्यौलमा छ । जसकारण पाउडर प्लान्ट डीडीसीले सञ्चालन गरिराख्न पनि सक्नेछ । यता पाउडर प्लान्ट डीडीसीलाई दिने निर्णय मान्न दूध उत्पादक संघसंस्था तयार देखिँदैनन् । डीडीसीले किसानको दूधको भुक्तानी नगरेकाले उद्योगको जिम्मा दिन नहुनेमा दुग्ध सहकारी संघ छन् । जिल्ला दूध उत्पादक सहकारी संघ मकवानपुरका अध्यक्ष हरि कंडेलले डीडीसीलाई स्थायी सञ्चालनको जिम्मा दिन नहुने विषयमा प्रदेश सरकारको ध्यानाकर्षण गराएको बताए ।



किसानको १६ महिनाको दूध बिक्रीको रकम नदिएको भन्दै डीडीसीले सञ्चालन गर्न नहुने पक्षमा संघ रहेको कंडेल बताउँछन् । उनले सहकारी संघलाई समेटेर अघि बढ्न प्रदेश सरकारसँग अनुरोध गरे । सरकारको लगानी यतिका वर्षसम्म फ्रिज भएर बस्नु उचित नभएको बताउँछन् । सञ्चालनको नीति नबनाई हचुवामा संरचना बनाउने सरकारले यसको जिम्मेवारी लिनुपर्ने उनको भनाई छ ।

बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उद्योग सञ्चालनको स्थायी प्रबन्ध नभएसम्मका लागि डीडीसीलाई जिम्मा लगाउने तयारी गरेको मन्त्रालयका सचिव विनोद भट्टराईले जानकारी दिए । भट्टराईले दुई हप्ता अर्थात २० भदौभित्र डीडीसीले सञ्चालन कार्ययोजनाको प्रस्ताव पेश गर्ने बताए । डीडीसीले पाउडर प्लान्टको विगत एक वर्षदेखि परीक्षणको रुपमा सञ्चालन गर्दै आएको थियो ।

प्रदेश दुग्धविकास बोर्डसँग १४ मंसिर र २२ माघ २०८० मा भएको सम्झौताअनुरुप डीडीसीले परीक्षण उत्पादन गरेको थियो । तीनवर्ष लगाएर निर्माण गरिएको उद्योगको गतवर्ष परीक्षण गर्दा नै सञ्चालनको अन्तिम तयारी रहेको मन्त्रालयले जनाएको थियो । कुन मोडालिटीमा उद्योग सञ्चालन गर्ने भन्नेमा टुंगो नलाग्दा उद्योग परीक्षणकालमै सीमित बनेको हो । 'अब यसलाई सञ्चालन कार्ययोजना बनाएर छिट्टै टुंग्याउँछौं,' सचिव भट्टराईले भने, 'निजीक्षेत्रलाई उद्योग दिइने छैन । दुग्ध उत्पादक सहकारीसँगको साझेदारमा सञ्चालनको मोडालिटी बारे गृहकार्य भइरहेको छ ।'

संघीय सरकार मातहतको दुग्ध विकास आयोजनाको पशुआहार उत्पादन उद्योगको साढे १ बिघा क्षेत्रफलमा प्रदेश सरकारको ४७ करोड ३३ लाख २४ हजार रुपैयाँमा कारखाना निर्माण गरिएको हो । १६ पुस २०७७ मा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले शिलान्यास गरेको कारखानाको निर्माणकार्य एक वर्षभित्र सक्ने गरी इजी इन्फ्रा कम्पनीले ठेक्का सम्झौता गरेको थियो । कम्पनीसँग १ पुस २०७७ मा ४१ करोड २२ लाख ७१ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । तीनपटक म्यादथप गरी कारखाना निर्माण भएकाले यसको लागत ६ करोड बढेको मन्त्रालयका योजना महाशाखाप्रमुख तथा प्रवक्ता सुजन कंडेलले बताए ।

कारखाना दैनिक ६० हजार लिटर दूध खपत गर्ने क्षमताको रहेको छ । नियमित सञ्चालनमा आएमा पाउडर प्लान्टबाट प्रतिदिन ५ मेट्रिकटन र प्रतिवर्ष एक हजार पाँच सय मेट्रिकटन धुलो दूध उत्पादन गर्न सकिने बताइएको छ । कृषकले उत्पादन गरेको दूधबाट दैनिक पाँच मेट्रिकटन पाउडर दूध उत्पादन र प्याकिङ गर्ने लक्ष्य कारखानाको छ ।

कृषिमन्त्री श्रेष्ठले प्रदेश दुग्ध विकास सहकारी संघ गठन गरेर कारखानाको दीर्घकालीन सञ्चालनको व्यवस्था मिलाउन लागिएको बताए । प्रदेश संघलाई कारखानाको सबै आर्थिक अधिकार दिइने उनको भनाई छ । संघले सञ्चालन गर्ने उद्योगमा दुग्ध विकास संस्थानले प्राविधिक सहयोग गर्ने प्रतिबद्धता जनाएको उनी बताउँछन् । कारखाना सञ्चालनमा दुग्ध उत्पादक किसानको प्रत्यक्ष सहभागिता हुने भएकाले यो सञ्चालन कार्ययोजना उपयुक्त हुने मन्त्री श्रेष्ठको दाबी छ ।

उनले प्रदेशका १३ जिल्लाका दुग्ध उत्पादक सहकारी संघको साझा संगठनको रुपमा प्रदेश दुग्ध विकास सहकारी संघ गठन गरिने र यसैलाई काराखाना सञ्चालनको जिम्मा दिने गरी तयारी अघि बढाइएको जानकारी दिए । जिल्लास्थित सहकारी संघलाई प्रदेश दुग्ध विकास सहकारी संघ गठनका लागि जानकारी गराइसकिएको उनले बताए ।

किसानको प्रत्यक्ष सहभागिता हुने भएपछि कार खानालाई दूधको अभाव पनि नहुने उनको भनाई छ । सहकारी संघलाई कारखाना सञ्चालनको जिम्मा दिएर मन्त्रालयले आवश्यकताअनुसार वार्षिकरुपमा अनुदान रकम उपलब्ध गराउने गरी योजना बनाइएको मन्त्री श्रेष्ठले जनाए ।

## मकवानपुरमा दिनहुँ बढ्दै डेंगु र स्क्रब टाइफस्का बिरामी

साझाकुरा संवाददाता

हेटौँडा, १६ भदौ/ मकवानपुरमा दिनहुँ डेंगु र स्क्रब टाइफस्को बिरामीको संख्या उकालो लाग्दै गएको छ । डेढ महिनाको अवधिमा लामखुट्टेको टोकाइबाट लाग्ने डेंगु रोगका बिरामी १७३ जना र मुसामा हुने कीर्नाको टोकाइबाट लाग्ने स्क्रब टाइफस्का बिरामीको संख्या ९० पुगेको तथ्यांक छ ।

जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार डेढ महिनाको अवधिमा परजीवीको टोकाइबाट लाग्ने रोगका बिरामीको संख्या बढेको हो । जिल्लामा डेढ महिनामा ६१ महिला र २९ पुरुष स्क्रब टाइफस्बाट प्रभावित बनेको जनस्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए ।

उनका अनुसार हेटौँडा उपमहानगरमा ५०, मकवानपुर गढीमा ११, मनहरीमा १०, बकैयामा ९ जना र भीमफेदीमा ५ जना स्क्रब टाइफसबाट प्रभावित भएका छन् । त्यस्तै बागमती, कैलाश, इन्द्रसरोबर, राक्सिराङ र अन्य जिल्लाका एकएक जना प्रभावित भए ।

स्क्रब टाइफस् एक किसिमको सरुवा रोग हो । यो रोग लाग्ने कीर्ना जस्तो देखिने कीरा (माइट) को टोकाइबाट मानिसमा सर्दछ । यो रोग माइटमा पाइने ओरेन्सिया सुसुगामुसीभन्ने जीवाणुबाट लाग्दछ । माइट प्राय: झाडी, खेतबारी, वनजंगल, घर वरिपरिको झाडी वा घुरान हुने ठाँउमा देखिने गर्दछ ।

त्यस्तै पुरुष ७९ र महिला ९४ सहित भदौ दोश्रो सातासम्म मकवानपुरमा डेंगु सङ्क्रमितको संख्या १७३ पुगेको हो । जिल्लामा सबैभन्दा धेरै हेटौँडा उपमहानगरमा डेंगु सङ्क्रमित भेटिएका छन् । यहाँ ५६ पुरुष र ७२ महिला गरी १२८ जनामा डेंगु सङ्क्रमण पुष्टि भइसकेको छ । त्यस्तै मनहरी गाउँपालिकामा १६ जना, मकवानपुरगढी गाउँपालिकामा १३, बकैया गाउँपालिकामा ६, भीमफेदी गाउँपालिकामा ३ जना, कैलाशमा २, र बागमती गाउँपालिकामा एकजनामा डेंगु पुष्टि भएको हो ।

अन्य जिल्लाका ३ जना र ठेगाना नखुलेको एक जनामा डेंगु पुष्टि भइसकेको छ । जिल्लाको इन्द्रसरोवर, राक्सिराङ गाउँपालिकामा र उत्तरी क्षेत्र थाहा नगरपालिकामा साउनमा डेंगु सङ्क्रमितको संख्या शून्य रहेको छ । मुख्य रुपमा सर सफाइमा ध्यान दिएको खण्डमा डेंगु र स्त्रब टाइफस्बाट बचन सकिने सूचना अधिकारी घिमिरेले बताए । पछिल्लो समय जिल्लामा दिनहुँ डेंगु र स्क्रब टाइफस् बढ्दै गएकाले जोगिन उनले सबैलाई आग्रह गरे ।

## चुच्चेखोला सामुदायिक वनमा वृक्षरोपण

साझाकुरा संवाददाता

हेटौँडा, १६ भदौ/ हेटौँडा-६ मा रहेको चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूहद्वारा वृक्षरोपणको आयोजना गरिएको छ । बागमती प्रदेशसभा सदस्य भारती पाठकको प्रमुख आतिथ्यता एवम समूहका अध्यक्ष लक्ष्मण कटुवालको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

प्रमुखअतिथि पाठकले अब सामुदायिक वनलाई पर्यापर्यटकीय र आयआर्जनमा जोड्नु पर्ने बताइन् । सामुदायिक वनले संस्थागत विकासका साथै उपभोक्ताको आर्थिक स्थितिमा समेत सुधार गर्नुपर्नेमा ध्यान दिनु जरुरी भएको उनको भनाई छ । विजयसाल, सतीसाल, रिट्ठा, बेल, तेजपात, मेङ्गोस्टिक, अमला, टिक्लगायतका विरुवारोपण गरिएको थियो ।

कार्यक्रममा मकवानपुरका डिभिजनल वन अधिकृत राकेश प्रसाद चन्द्रबंशी, मकवानपुरगढी-२ का वडाअध्यक्ष बखानसिंह पाखिन, हेटौँडा-१७ का वडासदस्य नवराज न्यौपाने, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुर अध्यक्ष साधुराम चौलागाई, अमलेखगञ्जका कार्यक्रम अधिकृत प्रदीप सदौला, सवडिभिजन वन कार्यालय हर्नामाडीका प्रमुख मदन घिमिरे, अशोक सामुदायिक वनका अध्यक्ष र मेशकुमार राई, श्रमिक साना किसान सहकारी अध्यक्ष निर्मला लम्साल, रानी सामुदायिक वनका उपाध्यक्ष केशव धिताल, समूहका संस्थापक अध्यक्ष रुद्रनाथ न्यौपाने, कार्यालय सचिव केदारप्रसाद गौतम, सञ्चारकर्मी, उपभोक्तालगायतको सहभागिता थियो ।

HetaudaCityCollege.edu.np
ADMISSION OPEN



" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS
Register Now
HETAUDA CITY COLLEGE
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरुः



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०७१५, ९८१७२८४६१४, ९८४५९२७०५७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# पुस्तकालयको बिजोग, पठन संस्कृति संकुचन

जनमुखी सहकर्मी रुपचन्द्र विष्ट (रुदाने) को जन्मथलो थाहा नगरपालिकामा जनताले थाहा पाउन भनेर खोलिएका वर्षौं पुराना पुस्तकालय अलपत्र अवस्थामा छन् । थाहा नगरभित्रक आधा दर्जन पुस्तकालय अलपत्रमात्र नभई जीर्ण भवन र पुस्तकमा धमिरा लाग्ने अवस्थामा गुज्रिइरहेका छन् । तर, 'थाहा पाउने थलो' पुस्तकालयको व्यवस्थित सञ्चालनमा सम्बिन्धत निकायको चासो देखिँदैन । थाहा नगरसँग 'थाहा'को अर्थपूर्ण साइनो छ । यी अव्यवस्थित पुस्तकालयले त्यो थाहाको साइनो मेटाउने त होइन ? भन्ने चिन्ता यतिबेला थाहाका पुस्तकप्रेमीलाई परेको छ । मकवानपुरको उत्तरी ग्रामीणभेग थाहा नगरको शिखरकोटस्थित नवजागृत पुस्तकालय, थाहा-६ बज्रबाराहीमा रहेको सुनौलो सामुदायिक सिकाइ केन्द्र, पालुङको जीवनज्योति, ओखर बजारको सूर्योदयलगायत सामुदायिक पुस्तकालयका संरचना लथालिङ्ग रहेका छन् । अधिकांश पुस्तकालयको अवस्था नाजुक छ । पुस्तकालय भवन छ, किताब पनि छन् तर, धमिरा लागिसकेको । पुस्तकालयमा पाठक न व्यवस्थापन लथालिङ्ग रहेको स्थानीय पुस्तकप्रेमी गुनासो गर्छन् । पुस्तकालय अलपत्र हुँदा रुदानेको 'थाहा' अभियानलाई गिज्याइरहेको छ ।

विद्रोही स्वभावका रुदाने पालुङका जनतालाई बारम्बार 'थाहा' पाउनुपर्छ भन्थे । रुदाने त्यतिबेला घरघरै पुगेर 'जीवन, जगत, राजनीति र समाज 'थाहा' भएमा मान्छेले सुख पाउने र थाहा नपाए तिमीहरुकै जस्तो नारकीय जीवन पाउँछस्' भन्दै हिँड्थे । 'थाहा आन्दोलन' अर्थात् जनताले थाहा पाउनै पर्छ भन्ने आन्दोलन उनले चलाएका थिए । वि.सं. २००९ सालमा भीमफेदीमा स्थापना गरिएको ज्योति पुस्तकालयको अवस्था पनि नाजुक छ । यो पुस्तकालय मकवानपुरको पहिलो हो । २०१८ सालतिर हेटौंडामा स्थापना गरिएको हाम्रो पुस्तकालय, २०२८ सालमा तत्कालीन हटिया गाविसमा स्थापना गरिएको धरणीधर पुस्तकालय, २०२५ सालमा नगरपालिकारोडमा स्थापना गरिएको मानस पुस्तकालय र २०३५ सालमा स्थापना गरिएको जनपुस्तकालय पनि उस्तै हालतमा छ । हेटौंडाको पुरानो पुष्पलाल पार्कमा रहेको पुस्तकालय भने सञ्चालनमा छ । रुदानेले खोलेका पुस्तकालयको संरक्षण र नियमित सञ्चालनको जिम्मा थाहा नगरपालिकाले लिनुपर्नेमा त्यसको ठीक उल्टो भएको स्थानीय गुनासो गर्छन् । 'थाहा' आन्दोलनकै क्रममा उनले सामुदायिक पुस्कालय खोले । थाहा आन्दोलनको जगमा उभिएको थाहा नगरको वर्षौं पुराना पुस्तकालय अलपत्र र दयनीय अवस्थामा गुज्रिएका छन् । जीर्ण पुस्तकालयका किताबमा लागेको धमिराले रुदानेको 'थाहा' आन्दोलनलाई गिज्याइरहेको छ । पालुङमा स्थापना गरिएको जीवनज्योति पुस्तकालय ३ दशकदेखि बन्द छ ।

पुस्तक धमिराले खाइसकेको छ । यो पुस्तकालय भवन टेको लगाएर राखिएको छ । रुपचन्द्र विष्टको सक्रियतामा वि.सं. २०२२ सालमा पालुङमा स्थापना गरिएको जीवनज्योति पुस्तकालय २०३५ सालसम्म आंशिक चलेको भएपनि २०४८ सालपश्चात् पूर्णरुपमा बन्द भयो । पुस्तकालयमा झन्डै पाँच हजार पुस्तक थिए । अहिले धुलिया लागेका केही पुस्तहरु मात्र छन् । बाहिरैबाट हेर्दा २०७२ सालको भुकम्पले चरचरी चर्काएको भवन ढल्ने अवस्थामा पुगेको छ भने पुस्तक सबै धमिराले खाएर धूलैधूलो भएका छन् । रुपचन्द्रले विभिन्न क्षेत्रबाट इतिहास, जीवनी, समाजशास्त्र, दर्शनलगायत किताब ल्याएर पुस्तकालयमा राखेका थिए । पाँच सयभन्दा बढी पुस्तकालयका सदस्य थिए । पुस्तकालयले यस क्षेत्रका बासिन्दालाई पढ्ने बानी बसालेको स्थानीयवासी बताउँछन् । शिखरकोटमा पनि रुपचन्द्रले नवजागृत पुस्तकालय २०२५ सालमा स्थापना गरेका थिए । थाहा नगरको ओखरबजारमा रहेको सूर्योदय पुस्तकालय बन्द छ । वि.सं. २०४८ सालमा स्थापना भएको पुस्तकालयको आफ्नै भवन छ । भवन भाडामा लगाइएको छ । पुस्तकालय सञ्चालनमा छैन । सरकारले पुस्तकालय दिवस मनाउने भनिरहँदा थाहा नगरपालिका मात्र नभई मकवानपुरमा रहेका पुराना पुस्तकालयहरुको अवस्था दयनीय छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ भाद्र १८ गते मंगलबार ३ सेप्टेम्बर २०२४ । औंशी, भाद्र कृष्णपक्ष । गुँलागा ११४४ ने.सं. । सूर्योदय ५:४३, सूर्यास्त ६:२० ।

## आजको राशिफल

| | |
|---|---|
| **मेष** | : साझेदारी कार्यमा विवाद |
| **वृष** | : दैनिक आयमा कमी |
| **मिथुन** | : मांगलिक कार्य सम्पादन |
| **कर्कट** | : कार्यमा बाधा |
| **सिंह** | : आकस्मिक लाभ हुने |
| **कन्या** | : अर्थहानि हुने |
| **तुला** | : स्थानान्तरण हुनसक्ने |
| **वृश्चिक** | : दुस्चिन्ताले पिरोल्ने |
| **धनु** | : यात्रामा भयले सताउने |
| **मकर** | : उपचार खर्च वृद्धि हुने |
| **कुम्भ** | : मानसम्मान मिल्ने |
| **मीन** | : जोस एवम् जांगर बढ्ने |

# संरक्षित क्षेत्र मेटाउने कदम: जोगाउने जिम्मा अदालतको



✍ अभय राज जोशी

कल्पना गर्नुहोस् । तपाईं २०८५ सालतिर चितवन राष्ट्रिय निकुञ्ज भित्र घुम्दै हुनुहुन्छ । तपाईं आफ्ना छोरा छोरीलाई गैंडा र पाटे बाघ, घडियाल र चित्तल देखाउन चाहनुहुन्छ । तर तपाईंले उनीहरूलाई पाइलैपिच्छे खुलेका होटल, रेस्टुरेन्ट, पसल र पर्यटकहरू बाहेक अरु केही देखाउन पाउनुहुने छैन । 'बाघ र गैंडा कता गए त ?' तपाईंको मनमा खुल्दुली जाग्नेछ । स्थानीय पथप्रदर्शकले तपाईंले भन्नेछ, नेपाल देश र यहाँका हामी जनता ती दुर्लभ जनावरलाई जोगाउन असफल भयौं । हामीले नै हाम्रो 'आर्थिक समृद्धिका लागि' राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रका ढोकाहरू होटल, जलविद्युत्, प्रसारण लाइन, सडक र रेलमार्ग का खुल्ला गर्यौं र जनावरहरूका लागि कतै जाने ठाउँ भएन । प्रकृतिलाई जोगाउनु पर्छ भन्ने कुरा बिर्सियौं । हामीलाई निकुञ्जहरू आर्थिक बोझ भएका थिए अब हामीले यिनैबाट मनग्यै कमाइसक्यौं ।

**"हामीले त्यसो हुन नदिन केही गरेनौं त ?"**

मिडियाको ध्यान दिनानुदिनको राजनीतिमै केन्द्रित रह्यो । सोशल मीडिया उत्तेजनामा रमायो । गाली खेपी खेपी स्वातन्त्र धारणा राख्ने नागरिक समाज हराएको थियो । 'सोशल मिडिया इन्फ्लुएन्सर'हरु लाई गहिरो चिन्तन भन्दा पनि 'भ्युज केले बढाउँछ' भन्ने मात्र ध्याउन्न रह्यो । यस्तो अवस्थामा वन्यजन्तु र प्रकृति संरक्षणहरूमा सरकार मात्र होइन, निजी क्षेत्रलाई पनि अन्धाधुन्द संरचना बनाउने अध्यादेश ल्याइयो, विधेयक बन्यो, कानून बन्यो, तर विशेषज्ञ नै बेखबर रहे ।

संरक्षण क्षेत्रलाई आफ्नो कर्म थलो बनाएका सबै मौन बसे किनभने उनीहरूलाई सरकारको विरोध गर्ने आँट भएन । केही कानुन व्यवसायीहरूले यो सबै रोक्न सर्वोच्च अदालतमा मुद्दा हाले' । वर्तमानमा फर्कौं । केही वर्षअघि मात्र भन्ने हो भने देशमा यस्तो अवस्था आउला भनेर कसैले भन्यो भने त्यो अतिरञ्जना मात्रै लाग्थ्यो धेरैलाई । किनकि नेपालले सफलतापूर्वक संसारमै दुर्लभ पाटे बाघको संख्या तीन गुणा बढाएको थियो र नेपालीको पहिचान बनेका गैंडाहरू जोगाउन महत्वपूर्ण प्रगति हाँसिल गरेको थियो । यसका लागि देशले हरेक वर्ष अन्तर्राष्ट्रिय पुरस्कारहरू पनि जित्ने गरेको थियो र यो सबै नेपालीको गर्वको विषय बनेको थियो ।

तर विगत केही महिनाहरूको घटनाक्रमले अब माथि कल्पना गरिएका जस्ता दिन नआउलान् भनेर भन्न नसिकने अवस्थामा हामी पुगेका छौं । यो सबै कुराको विजारोपण तब भयो जब सत्ताको रस पसेका विभिन्न पात्रहरूले बारम्बार एउटै रटान लगाउन थाले: नेपालका जंगल र संरक्षित क्षेत्रहरू सेता हात्तीजस्ता भए । हामी निकुञ्जहरूमा लगानी गरेकोगर्यै छौं तर लगानीको अनुपातमा प्रतिफल कहिल्यै पाएका छैनौं । त्यसैले निजी क्षेत्र र अन्तर्राष्ट्रिय लगानीकर्ताहरूका लागि संरक्षित क्षेत्र खुला गरिनुपर्छ । यस्तो गाईंगुई चलिरहँदा संरक्षण क्षेत्रका विज्ञहरूले त्यसलाई खासै महत्व दिएनन् । सत्ताका पात्रहरूले जे कुरा गरे पनि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन जस्ता आधिकारिक दस्तावेजहरू र सरकारले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरुमा व्यक्त गरेका प्रतिवद्धताहरूले नेपालमा संरक्षणको दरिलो लक्ष्मण रेखा कोरिसकिएकोमा ढुक्क देखिन्थे । तर यो लक्ष्मण रेखा नाघ्ने तयारी सुरू भइसकेको थियो ।

राष्ट्रिय निकुञ्ज ऐन अन्तर्गत एउटा यस्तो कार्यविधि बनाइयो जुन राष्ट्रिय निकुञ्ज ऐनकै मर्म विपरीत थियो । संसदीय अभ्यास अनुसार सार्वभौम संसदले बनाएका ऐनहरूको प्रभावकारी कार्यान्वयनका लागि अनेकन नियमावली र कार्यविधि चाहिने र त्यसलाई बनाउन संसदको समयको उचित प्रयोग नहुने हुनाले संसदले त्यस्तो कानुन बनाउने अधिकार सरकारलाई प्रत्यायोजन गर्दछ । यस्तो कार्यविधिका प्रावधान संसदले बनाएको ऐनकै बर्खिलाप हुन मिल्दैन तर भयो त्यसै । सरकारले एक पछि अर्को कानुन ल्याएर संरक्षित क्षेत्र भित्र पनि गैर संरक्षित क्षेत्र जस्तै सबै किसिमका पूर्वाधार निर्माण गर्ने तारतम्य मिलाएको छ । 'संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणका लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०८०' ले निकुञ्ज भित्र जलविद्युत आयोजना निर्माण गर्ने बाटो खोलिदियो ।

त्यस्तै हालै उद्योग, व्यापार तथा आपूर्ति मन्त्रालयले संसदमा पेश गरेको 'लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१' ले त राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐनलाई नै संशोधन गरिदियो । संशोधन पश्चात् 'राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना'हरूका लागि संरक्षित क्षेत्रमा जस्तोसुकै पूर्वाधार बनाउने सक्ने बाटो खोलेको छ । राष्ट्रिय योजना आयोगमा निवेदन दिएर सहजै रुपमा कुनै पनि निजी क्षेत्रको कम्पनीले यस्तो सुविधा पाउन सक्ने भएको छ ।

वातावरण तथा संरक्षण क्षेत्रको पैरवीमा लामो समयको अनुभव बटुलेका अधिवक्ता प्रकाशमणि शर्माको टोलीले ऐनको विरुद्धमा सर्वोच्चमा रिट दायर गरी 'हाललाई कार्यान्वयन नगर्नू' भन्ने अन्तरकालीन आदेश प्राप्त गर्न सफल भएका छन् । तर यो मुद्दामा अन्तिम सुनुवाइ हुन बाँकी छ । वन मन्त्रालयका स्रोतहरूका अनुसार सरकारको आँखा अब राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु नियमावलीतिर परेको छ । प्रस्तावित नियमावलीमा संरक्षित क्षेत्रहरूलाई उपयोगका आधारमा विभिन्न 'जोन'मा वर्गीकरण गर्ने व्यवस्था गरिँदैछ । यो पङ्तिकारलाई प्राप्त मस्यौदामा होटल, साहसिक पर्यटन, माउन्टेन बाइकिङ, मोटर बोट सञ्चालन जस्ता जोनहरू प्रस्तावित गरिएको छ ।

**"यति हुँदैमा बाघ र गैंडा सखाप हुन्छन् त ?"**

यो प्रश्नको उत्तर दिनु अघि नेपालमा संरक्षित क्षेत्रको स्थापनाकालको प्रसव पीडाबारे कुरा गरौं । काठमाडौंसहित देशका अरू ठूला सहरमा बसेका र संरक्षणका बारेमा चासो नराख्नेहरूलाई थाहा नहोला तर देशका निकुञ्ज, संरक्षित क्षेत्र तथा आरक्षहरूको स्थापनाका लागि स्थानीय आदिवासी तथा जनजातिहरूले ठूलो मूल्य चुकाउनु परेको छ । चितवन, बर्दिया र पर्सा जस्ता तराईका निकुञ्जहरू स्थापना गर्दा हजारौं परिवारहरूले सयौं वर्षदेखि बस्दै आएको आफ्नो थाकथलो छोड्नु परेको थियो । जङ्गलका प्राकृतिक स्रोतहरूमा अनादी कालदेखि निर्भर रहेका उनीहरूलाई अबदेखि जङ्गल जान पाउँदैनस्, जङ्गल बाघ र गैंडाको हो भनेर भनिएको थियो । जनावरको सुरक्षाका लागि देशको सेना परिचालन गरिएको छ । नेपाली सेनाका अवकास प्राप्त एक पूर्व जर्नलका अनुसार जङ्गलमा गस्ति गर्ने क्रममा १३० भन्दा बढी सुरक्षाकर्मीको ज्यान गएको छ ।

निकुञ्ज वरपर बस्ने मानिसहरूको गोठमा पसेर बाघले गाईवस्तु मारिदिने गरेको छ । सन् २०१९ देखि २०२३ को बीचमा बाघले नेपालमा ३८ जाना मान्छे मारेको छ । तर पनि निकुञ्ज वरपर बस्ने मानिसहरू बाघलाई संरक्षण गर्नुपर्छ भनेर लागि परेका छन् । त्यस्तै ढोरपाटन, रारा अन्नपूर्ण, अपी, गौरीशङ्कर र सगरमाथा संरक्षण क्षेत्रहरूमा मानिसहरूलाई आफ्नो घरबार बाट ननिकालिए पनि उनीहरू संरक्षित क्षेत्रका विभिन्न नियमहरूमा बाँधिएर बस्नु परेको छ ।

अब लागौं बाघ र गैंडा तर्फ । बाघको संख्या सन् २०१० को तुलनामा तेब्बर भएको खुशियाली साटासाट गर्दैगर्दा एक संरक्षणकर्मीले भनेका थिए- हामीले हाँसिल गरेको यो सफलता निकै कमलो छ । यसलाई राम्रोसित मलजल गरिएन भने कुनै पनि बेला भत्किन सक्छ । बाघको संख्याको अभिलेख हेर्ने हो भने पनि यस्तै देखिन्छ । हाल ३५५ रहेको बाघको संख्या सन् १९९५ मा ९८ मा झरि सकेको थियो । त्यस्तै हाल ७५२ रहेका गैंडाको संख्या १९६६ मा १०० मा झरिसकेको थियो । त्यति बेला अन्तराष्ट्रिय जगत नै नेपालमा अब बाघ र गैंडाको भविष्य छैन यी अब विस्तारै लोप हुँदै जाने हुन् भन्ने निश्कर्षमा पुगिसकेको थियो । विवादित ऐन अहिलेकै अवस्थामा लागू हुने हो भने चितवन निकुञ्ज भित्र रेलमार्ग लैजान पाइनेछ, सगरमाथा क्षेत्रमा उत्पादित जलविद्युतको बत्ती बाल्न पाइने छ । तर संयुक्त राष्ट्र संघको सांस्कृतिक निकाय युनेस्कोले यी स्थानहरूलाई विश्व सम्पदा सूचीबाट हटाउने छ ।

लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐनको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु खण्ड अदालतबाट सदर हुने हो भने नेपाली जनताले गैंडा र बाघ र विभिन्न पारिस्थितिक प्रणाली जोगाउन गरेको त्याग खेर जाने निश्चित देखिन्छ । नेपालले संरक्षण क्षेत्रमा कमाएको अन्तर्राष्ट्रिय ख्याति पनि मासिने छ । संरक्षित क्षेत्रका ढोका खोलिने हुन् भने ती सदियौं वर्षसम्म बाघ र गैंडासँग मिलेर बसेका आदिवासीहरूका लागि खोलिनु पर्छ भन्ने पनि अभियन्ताहरूको धारणा छ ।

यसो भनिरहँदा एउटा गम्भिर प्रश्न उब्जिएको छ: के हामीलाई चाहिने होटल, जलविद्युत, सडक, रेल संरक्षित क्षेत्र बाहिर बनाउन सकिँदैन ? आखिर यी पूर्वाधार मानिसका लागि हुन् भने मानिसको बस्तीभन्दा टाढा बनाउनुको के औचित्य ? देशभरका संरक्षित क्षेत्रहरूलाई असर यो मुद्दाले गर्ने भएकाले पङ्तिकारलाई यो मुद्दामा पनि सम्मानित अदालतले निजगढ विमानस्थलको मुद्दामा देखाएको बाटो अनुसरण गर्छ भन्ने विश्वास लाग्दछ ।

**तर कसैले किन विरोध गरेनन् ?**

नेपालको संरक्षण क्षेत्रको प्रमुख निकाय नेपाल सरकार नै हो । संरक्षण क्षेत्रका जानकार तथा यसमा काम गर्ने संस्थाहरू सरकारी नीतिहरूलाई सितिमिति सबैले सुन्ने गरी विरोध गर्न चाहँदैनन् । यसको विरोध गर्दा आफ्नो कामका लागि चाहिने पर्मिट (अनुमति पत्र) रोकिदिने हो कि, विदेशी सहयोग रोकिदिने हो कि ? भन्ने डर उनीहरूलाई रहन्छ । फेरि नेपालमा संरक्षण र वातावरणको कुरा गर्नेलाई 'विकास विरोधी' भन्ने बिल्ला लगाइदिने पनि चलन छ । कोही किन विकास विरोधी होस् !

नेपाली मिडियामा वातावरणका मुद्दाले प्रमुखता नपाउने भएकाले पत्रकारको पनि खडेरी नै परेको छ । 'देशमा यत्रो भइसकेको रहेछ, हामीलाई त थाहै भएन,' वन मन्त्रालयका एक वन्यजन्तु विशेषज्ञ तथा अवकास प्राप्त उच्च अधिकारीले हालै एक कार्यक्रममा भनेका थिए । त्यसैले बाघ र गैंडा भावी सन्ततिका लागि जोगाउने अभिभारा अब देशको सर्वोच्च न्यायलयमाथि आइपरेको छ ।

*(साभार: अनलाइनखबर)*

# नेपालमा विद्युतीय पुस्तकालयको उदीयमान अवस्था

✍ विजय शर्मा

ज्ञान सामग्रीहरूको उचित व्यवस्थापन तथा पाठकहरूको सहज पुहँच र छिटोछरितो सेवा सम्प्रेषणका लागि पुस्तकालयमा आधुनिक प्रविधिहरूको प्रयोग हुन थालेको छ । प्रविधिको प्रयोगमार्फत पुस्तकालयहरू अटोमेसन, डिजिटाइजेसन तथा अनलाइनतर्फ उन्मुख हुँदै छन् । प्राचीन मठ, मन्दिर, चैत्य, गुम्बा, विहार आदिबाट शुरू भएको पुस्तकालयको यात्रा अहिले डिजिटल, अटोमेटेड तथा भर्चुअल पुस्तकालयको स्वरूपमा परिणत हुँदै गइरहेका छन् ।

आजभोलि विद्वान्हरूले कुनै एक कुनामा बसेर विश्वको कुनै पनि शहर वा विश्वविद्यालयका ज्ञान-सामग्रीहरू थाहा पाउनुका साथै डिजिटलरुपमा प्राप्त गर्न सकिने एक सहज गन्तव्य स्थल र साधनका रूपमा पुस्तकालयलाई लिन थालेको पाइन्छ । आधुनिकताको प्रभाव नेपालका अधिकांश पुस्तकालयहरूको सेवा प्रवाहमा पनि देखिन थालेको छ । पुस्तकालयहरूलाई समयको मागअनुसार प्रविधिमैत्री गराउनु आजको अनिवार्य आवश्यकता पनि भएको छ । पुस्तकालयले सूचनाको उचित व्यवस्थापन र सहज वितरण कार्यका लागि प्रविधिको प्रयोग गर्नुपर्ने हुन्छ, जसले पुस्तकालयको स्वरूप र सेवामा उल्लेखनीय परिवर्तन ल्याउँछ । ई-पुस्तकालयका स्वरूपहरू नै भर्चुअल, कागजविहीन, पर्खालविहीन पुस्तकालय हुन् । पुस्तकालयमा पाठकमैत्री प्रविधिको सञ्चालनबाट पाठकहरूले आफूलाई चाहिएको पुस्तक खोज्न दराजसम्म गइरहनुको सट्टा एकै ठाउँमा बसेर किबोर्ड थिचेको भरमा नै आफूले खोजेको सूचना पाउँछन् । यसले पाठकको समय र श्रमको बचत गर्नुका साथै सेवामा गुणस्तरीयता, व्यवस्थापनमा स्तरीयता तथा सहज वितरण प्रणालीको स्थापना गरेको छ ।

पुस्तकालयको बृहत् सङ्कलनलाई प्रभावकारी ढंगले व्यवस्थापन गर्नका लागि कम्प्युटरलगायत अन्य आवश्यक मेसिन तथा उपकरणहरूको प्रयोग हुन्छ । कर्मचारीहरूले दैनिक गर्ने कार्यलाई अटोमेसन सफ्टवेयरको प्रयोगबाट छिटोछरितो बनाउन थालिएको छ । पुस्तकालयमा सदस्यता कार्ड तथा पुस्तक लेनदेन कार्यका लागि बारकोड सिस्टमलाई पनि विस्थापित गर्दै आर.एफ.आई.डी. प्रविधिको प्रयोग हुन थालेको छ, जुन प्रविधिलाई त्रि.वि. केन्द्रीय पुस्तकालयले पनि प्रयोगमा ल्याउने अन्तिम तयारी प्रक्रियामा रहेको छ । पुस्तकालयका ज्ञान सामग्रीहरूको चोरी हुने सम्भावनाको रोकथामका लागि सी.सी. क्यामेरा, तथा म्याग्नेटिक डिटेक्टन सिस्टमको सेक्युरिटी गेटलगायतका प्रविधिहरूको प्रयोग गर्ने गरिन्छ ।

विकसित देशहरूमा बैंकमा जस्तो लाइब्रेरीमा पनि एटीएम मेसिन प्रयोग शुरू भइसकेको छ । पाठकहरूले बैंकमा पैसा निकालेजस्तै गरी फुर्सदको समयमा चाहेको पुस्तक मेसिनको प्रयोग गरेर लैजान सक्ने अवस्था आइसकेको छ । यद्यपि यस्तो प्रविधि हाम्रो देशका पुस्तकालयहरूमा अभ्यासमा आइसकेको छैन । तथापि हाम्रा अधिकांश पुस्तकालयहरूमा सफ्टवेयरको प्रयोग गरी बारकोडबाट सेवा प्रवाह गर्न शुरू गरिसकेका छन् । त्रिभुवन विश्वविद्यालयले यस वर्ष आफ्ना आङ्गिक क्याम्पसका पुस्तकालयहरू पूर्णरूपमा अटोमेसन गर्ने नीति लिएको छ । नेपालका कतिपय शैक्षिक संस्थाहरूले ई.एम.आई.एस.मा पुस्तकालय पनि एकीकृत गरी अटोमेसन कार्य सञ्चालन गरेका छन् ।

डिजिटल पुस्तकालयका लागि हार्डवेयर, सफ्टवेयर र नेटवर्किङ आधारभूत तत्वहरू हुन्, जुन पूर्वाधारहरूको व्यवस्थापनबाट मात्र डिजिटल पुस्तकालयको परिकल्पना साकार हुन सक्छ । डिजिटल पुस्तकालय निर्माणका लागि सफ्टवेयरहरू नि:शुल्क वा स:शुल्करूपमा पाउन सकिन्छ । नेपालका नाम चलेका व्यवस्थित पुस्तकालयहरू त्रि.वि. केन्द्रीय पुस्तकालय, नेपाल राष्ट्रिय पुस्तकालय, मदन पुरस्कार पुस्तकालयलगायतले नि:शुल्क प्राप्त हुने डि-स्पेस सफ्टवेयर प्रयोग गर्दै आइरहेका छन् । केही पुस्तकालयहरूले व्यावसायिक सफ्टवेयर पनि प्रयोग गरेका छन् । यस्ता सफ्टवेयरको प्रयोगबाट ओपन एक्सेसमार्फत फुल टेक्स्ट डाउनलोड गर्न मिल्ने गरी इन्स्टिच्युसनल रिपोजिटरीहरू विकास गरेका छन् ।

विद्युतीय अध्ययन सामग्रीप्रति पछिल्लो समय पाठकहरूको बढ्दो प्रयोगलाई मध्यनजर गरी त्रि.वि. केन्द्रीय पुस्तकालयले ई-लाइब्रेरी सेवा विस्तार गर्दै आइरहेको छ । विदेशी डाटाबेसहरू खरिद गर्नुका साथै एसियन डेभलपमेन्ट बैंक तथा नेसनल डिजिटल लाइब्रेरी अफ इन्डियासँग ई-रिसोर्सेसको प्रयोगमा सम्झौता र सहकार्य गरी पाठकहरूलाई रिमोट एक्सेस सुविधासहित अनलाइन पुस्तकालय सेवा दिँदै आइरहेको छ । नेपालका विद्वान् वर्गहरूलाई अन्तर्राष्ट्रिय जर्नलका लेख-रचना प्रयोग गर्ने सुविधालाई त्रिभुवन विश्वविद्यालयमा मात्र सीमित नराखी देशका अन्य निकायलाई संस्थागतरूपमा र पाठकको इच्छानुसार व्यक्तिगतरूपमा पनि उपलब्ध गराइरहेको छ ।

त्रि.वि.केन्द्रीय पुस्तकालयसँग पाठकहरूको बढ्दो विश्वसनीयतालाई कायम राख्नका लागि पुस्तकालयको आफ्नो छुट्टै ई-लाइब्रेरीको डाटाबेस बनाउने प्रयास गरेको छ । यसमा हालसम्म स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधि तहका २० हजारभन्दा बढी शोधपत्रहरू नि:शुल्करूपमा हेर्न पाइन्छ । त्यसका साथै त्रि.वि.का ऐन नियम, पुराना प्रश्नपत्र, पाठ्यक्रमलगायतका स्रोतसामग्रीहरू अनलाइनबाट नै हेर्न र डाउनलोड गर्न सकिन्छ । नेपालबाट प्रकाशन हुने जर्नलहरूको डाटाबेस नेप्जोलको व्यवस्थापन र सञ्चालनको कार्य पनि त्रि.वि. केन्द्रीय पुस्तकालयले गर्दै आइरहेको छ । जसमा ४ सय ४० वटाभन्दा बढी जर्नलहरूका लेख-रचनाहरू नि:शुल्क हेर्न र डाउनलोड गर्न सकिन्छ ।

नेपाल सरकारले आ.व. २०८०/०८१ को बजेट वक्तव्यमा आफ्ना मातहतमा रहेका केशर पुस्तकालय, नेपाल राष्ट्रिय पुस्तकालय र डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयको सुदृढीकरण तथा पुस्तकहरूको डिजिटाइजेसन गर्ने लक्ष्य लिएको घोषणा गरेको थियो । त्यसकै परिणामत: नेपाल सरकार र एडीबीबीचको सहकार्यमा माथि उल्लिखित तीनवटै संस्थामा सार्वजनिक पुस्तकालयहरूको सुदृढीकरण र डिजिटाइजेसनको लागि प्रारम्भिक कार्य हुँदै गइरहेको छ । तथापि यो परियोजना प्रारम्भिक अध्ययनकै क्रममा रहेकाले तार्किकरूपमा परिणामात्मक देखिन सकेको छैन । तर पनि यी पुस्तकालयहरूले सीमित साधन-स्रोतमा आफ्ना पुराना महत्वपूर्ण डकुमेन्टहरू डिजिटाइजेसन गर्ने कार्य निरन्तररूपमा गरिरहेको पाइन्छ ।

नेपालका ऐतिहासिक, सांस्कृतिक तथा दुर्लभ अभिलेखहरूको सङ्ग्रह गर्दै आइरहेको राष्ट्रिय अभिलेखालयले माइक्रोफिल्म तथा डिजिटाइजेसन गर्ने कार्य गरिरहेको छ । त्यसैगरी नेपाली वाङ्मयको संरक्षण र संवर्द्धनमा समर्पित मदन पुरस्कार पुस्तकालयले पनि सङ्गृहीत सामग्रीहरूलाई डिजिटाइजेसन गरी अनुसन्धानकर्ताहरूलाई सहजरूपमा उपलब्ध गराउने गरेको छ । नेपालमा विद्यालय शिक्षाका लागि आवश्यक पाठ्यपुस्तक तर्जुमा गर्न जिम्मेवार निकायका रूपमा रहेको पाठ्यक्रम विकास केन्द्रले माध्यमिक विद्यालयसम्मका पाठ्यपुस्तक, शिक्षक निर्देशिका, फोटोलगायत केही अध्ययन सामग्रीहरू डिजिटाइजेसन गरी सर्वसाधारणसम्म पहुँचयोग्य बनाएको छ ।

सानेपास्थित साझा शिक्षा ई-पाटीले शिक्षक, विद्यार्थीलगायत सबै उमेर समूहका लागि उपयोगी हुने गरी पुस्तक, अडियो, भिडियो तथा अन्य विविध शैक्षिक सामग्रीहरू सजिलै पहुँच तथा छिटो र नि:शुल्क डाउनलोडसमेत गर्न सकिने गरी ई-पुस्तकालय निर्माण गरेको झन्डै दुई दशक हुन लागेको छ । साझा शिक्षा ई-पाटी र नेपाल लाइब्रेरी फाउन्डेसनको सहयोगमा विद्यालय तहमा विद्युतीय पुस्तकालयहरू सञ्चालन भइरहेको देखिन्छ । नेपालमा ज्ञान सामग्रीहरूको डिजिटाइजेसन गर्ने क्रममा नेपालको पत्रकारिताको इतिहासमा १२० वर्षभन्दा पुरानो विरासत बोकेको गोरखापत्र संस्थानका पुराना प्रकाशनहरूलाई डिजिटाइजेसन गर्न शुरूवात गरेको छ ।

नेपाल सरकारको कानुन निर्माण, संशोधन तथा परिमार्जन गर्नका लागि स्थापित नेपाल कानुन आयोगले नेपालको संविधान, ऐन नियम, विनियम आदि अनलाइबाट हेर्न सकिने सुविधा दिएको छ । अत्यन्त महत्वपूर्ण हस्तलिखित ग्रन्थहरूको सङ्कलन रहेको आशा सफू कुथि पुस्तकालयले पनि डिजिटाइजेसनको काम शुरूवात गरेको छ । सामाजिक अनुसन्धानमा समर्पित सोसल साइन्स वहा: होस् अथवा आमसञ्चार तथा पत्रकारिताको अनुसन्धान केन्द्र मार्टिन चौतारी, दुवैले आ-आफ्ना विधासँग सम्बन्धी केही डकुमेन्टहरू डिजिटाइजेसन गरेको पाइन्छ । नेपालको बहुलवादी र बहुसांस्कृतिक विशेषतालाई आत्मसात् गर्दै विभिन्न विधाका फोटोहरू संरक्षण गर्ने उद्देश्यका साथ सन् २०११ देखि सानेपा ललितपुरमा नेपाल पिक्चर लाइब्रेरीको शुरुवात गरिएको छ । जहाँ एक लाखभन्दा बढी फोटोहरू डिजिटाइजेसन गरिएको छ ।

नेपालमा डिजिटल पुस्तकालय सेवा प्रवाह गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूको पनि महत्वपूर्ण भूमिका रहेको देखिन्छ । द एसिया फाउन्डेसनले बालबालिकाका लागि तयार गरेका अनलाइन डिजिटल लाइब्रेरीमा ४६ भाषामा ८ हजारभन्दा बढी पुस्तकहरू उपलब्ध छन् । यसमा नेपालीलगायत अन्य स्थानीय भाषाहरू नेवारी, थारू, लिम्बु, मगर आदि भाषामा पनि अनुवाद गरी मोबाइल एप्सबाट पढ्न-सुन्न सकिने सुविधा दिएको छ । त्यसै गरी रुम टु रिड नामक संस्थाले लिटरेसी क्लाउडमार्फत विद्यालय तहका कथा, कविता, निबन्धलगायत विविध विधाका पुस्तकहरू डिजिटल ढाँचामा हेर्न सकिने व्यवस्था गरेको छ । संयुक्त राष्ट्रसंघ सूचना केन्द्र नेपालले संयुक्त राष्ट्रसंघ र यसका भ्रातृसंस्थाका प्रकाशनहरूलाई डिजिटाइजेसन गरी पाठकहरूलाई नि:शुल्क अध्ययन तथा डाउनलोड सेवा दिँदै आइरहेको छ । प्रविधिको प्रयोगले आजभोलि सूचना तथा ज्ञानका स्रोतको क्षेत्र व्यापक भएको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# स्मार्ट लाइसेन्स छपाइ बन्द, महानिर्देशक भन्छन् : प्रदेशले नै छापोस्



काठमाडौं/संघीय सरकारले विद्युतीय सवारी चालक अनुमतिपत्र (स्मार्ट लाइसेन्स) नियमित छपाइ बन्द गरेको छ । यातायात व्यवस्था विभागले मेसिन र स्मार्ट कार्डको सफ्टवेयरसहितको समस्या देखाएर अत्यावश्यक बाहेकका लाइसेन्स छपाइ बन्द गरेको हो ।

विभागले नै लाइसेन्स छापिरहनु नेपालको संविधान २०७२ को अधिकार सूची र संघीयताको मर्मविपरीत भएकाले थप लाइसेन्स छपाइको काम काठमाडौंबाट नगर्ने बताएको हो । संविधानले राष्ट्रिय यातायात नीति बनाउने काम र अधिकार मात्रै संघ सरकारलाई दिएको छ ।

सवारी चालक अनुपति पत्रको परीक्षा लिने, सवारी साधनबाट कर उठाउनेजस्ता यातायातसंवद्ध अधिकार प्रदेश सरकारलाई मात्रै छ । २०७४ पछि यातायात व्यवस्था विभाग मातहतका तत्कालीन यातायात तथा लाइसेन्स कार्यालयहरु प्रदेश मातहत हस्तान्तरण भइसकेका छन् । प्रदेशका यातायात मन्त्रालयहरुले सेवा सहज बनाउन आआफ्ना प्रदेशमा यातायात तथा लाइसेन्स दिने कार्यालय समेत खोलिरहेका छन् ।

विभागका महानिर्देशक उद्धवप्रसाद रिजाल सवारी लाइसेन्सको लागि आवेदन लिने, लिखित परीक्षा सञ्चालन गर्ने, बायोमेट्रिक लिने, प्रयोगात्मक परीक्षा चलाउने र राजस्व तथा शुल्क लिने सबै काम अहिले प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुबाट भइरहेको बताउँछन् ।

'लाइसेन्स छाप्ने काम पनि राजस्व असुल गर्ने प्रदेश सरकारकै हो, संघीयता कार्यान्वयन भएको यतिका वर्षसम्म यो काम काठमाडौंमा विभागबाट भइरहेको छ', उनले भने, 'अब यसलाई प्रदेशकै जिम्मामा छाड्नुपर्छ, यो कामका लागि विभागको भर पर्ने अवस्था रहनु नै हुँदैन ।'

सात वटा प्रदेशका ३५ भन्दा बढी कार्यालयबाट जारी र नवीकरण हुने लाइसेन्स छाप्न काठमाडौंको मीनभवनस्थित विभागमा रहेको एउटा छापाखानामा भर पर्नुपर्ने अवस्था अब राख्न नहुने उनले बताए । विगतमा जे जति कारणले यो काम विभागमै केन्द्रिकृत गरिएपनि अब यो प्रदेशलाई जिम्मा लगाउनु उचित हुने भएकाले लाइसेन्स छाप्न बन्द गरिएको उनको स्पष्टीकरण छ ।

अहिले लाइसेन्स परीक्षा पास गरिसकेका २० लाख जनाको लाइसेन्स छाप्न बाँकी छ । कुनै लाइसेन्समा दुई वा सोभन्दा बढी वर्ग समावेश हुने भएकाले १७ लाख कार्डहरुमा लाइसेन्स प्रिन्ट गर्न बाँकी रहेको अवस्था छ । विभागले पटक-पटक विभिन्न समस्या देखाएर लाइसेन्स छपाइ गर्न नसकेका कारण अहिले राष्ट्रिय परिचयपत्रबाटै लाइसेन्स हेर्न सकिने गरी प्रणाली अन्तरआवद्ध गरिदैछ । यसका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र यातायात व्यवस्था विभागबीच समभ्रुदारीपत्रमा हस्ताक्षर भइसकेको छ ।

'अब ट्राफिक प्रहरीले हातमै उपलब्ध हुने डिभाइसबाट राष्ट्रिय परिचयपत्रबाटै लाइसेन्स चेक गर्न सक्ने व्यवस्था हुँदैछ', महानिर्देशक रिजाल भन्छन्, 'यो पछि अब विभागले लाइसेन्स छपाइका लागि जोड गर्दैन, विदेश जाँदा अत्यावश्यक पर्नेलाई मात्रै लाइसेन्स दिन्छौं ।'

विभागले वैदेशिक अध्ययनमा जाने विद्यार्थी, वैदेशिक रोजगारीमा श्रमिक र शान्ति मिसनमा जाने सुरक्षाकर्मीसहित अत्यावश्यक परेर विदेश जानेहरुलाई आवेदन लिएर द्रुत सेवमामार्फत लाइसेन्स छपाइ गरेर दिने गरेको छ । अब यो बाहेक अन्य लाइसेन्सहरु नछाप्ने निष्कर्षमा विभाग पुगेको हो ।

सेवाग्राहीसँग शुल्क लिइसकेर लाइसेन्स नै नदिनु अन्यायपूर्ण हुँदैन भन्ने संचारकर्मीको प्रश्नमा महानिर्देशक रिजालले यो विषयलाई प्रदेशहरुले गम्भीरतापूर्वक लिएर काम गर्नुपर्ने बताए । 'प्रदेशले नै लाइसेन्स शुल्क लिन्छन्, त्यसको व्यवस्थापनको काम पनि प्रदेशबाटै हुनुपर्ने हो', उनले भने, 'हामीले सबै प्रदेशका यातायातमन्त्रीहरुसँग अन्तर प्रदेश बैठक गरेर लाइसेन्स छपाइको काम प्रदेशबाटै गर्ने गरी निर्णय गरिसकेका छौं, अब प्रदेशहरुले नै यसको व्यवस्थापन गर्छन् ।'

विभागमा पछिल्लो समयमा लाइसेन्स प्रणालीमा अनेकन समस्या छन् । यो प्रणालीमा समस्या आउँदा विभाग सुरुमा तयार गरेको भारतको मद्रास सेक्युरिटी प्रिन्टर्समाथि निर्भर हुनुपर्छ । सो कम्पनीले पटक-पटक विभिन्न कामहरु गरेको दाबी भुक्तानी पेश गरेको छ । तर, कानुनसम्मत नहुने भएपछि कतिपय भुक्तानीहरु रोकिएका छन् । यसका कारण सो कम्पनीले समस्या पर्दा पटक-पटक अत्तो थाप्ने गरेको छ ।

लाइसेन्स छाप्ने चिप्स सहितको कार्ड ठेक्कामार्फत किन्दा मद्रासबाहेकका अन्य विदेशी कम्पनीले ठेक्का पाउँछन् । त्यस्ता फरक कम्पनीले आपूर्ति गर्ने कार्डलाई प्रणालीमा आवद्ध गराउन विभागलाई महाभारत पर्ने गरेको छ ।

विभागको लाइसेन्स प्रणालीभित्रको सुरक्षा पक्षमा पनि अनेकन प्रश्न छन् । कमजोर प्रणालीमा कर्मचारीहरुले बिचौलियाँसगँको सेटिङमा बदमासी गरेर ट्रायल नै नलिएका एक लाखभन्दा बढी व्यक्तिलाई लाइसेन्स दिएको तथ्य खुलेको थियो । प्रदेश अन्तर्गतका यातायात कार्यालयमा कार्यरत करिब ३०० भन्दा बढी कर्मचारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानको घेरामा छन् । प्रणालीभित्रको यस्ता जटिलता समाधान गर्न पनि विभागमाथि चुनौती छ ।

प्रदेशका यातायात कार्यालयहरुबाट लाइसेन्स प्रणालीभित्र भएका छेडखानीले विभागकै कर्मचारीहरु पनि अनुसन्धानमा तानिएका छन् । काठमाडौंमा नै लाइसेन्स छापिने गरेका कारण विभागकै कर्मचारीहरुले पनि यसलाई दुरुपयोग गरेको आशंका छ ।

छपाइको समस्या झन् जटिल छ । सामान्य अवस्थामा दैनिक औसत ५ हजार लाइसेन्स छपाइ गर्नुपर्ने विभागसँग एउटा मात्रै प्रिन्टर छ । सो प्रिन्टरले २४ घण्टा नै छाप्दा पनि प्रदेशहरुले जारी गरेका स्मार्ट लाइसेन्सको माग धान्न सकिने अवस्था छैन ।

त्यसमाथि हरेक वर्ष लाइसेन्स छाप्न आवश्यक पर्ने विद्युतीय कार्डका लागि ठेक्का गर्नुपर्ने, त्यसका लागि पर्याप्त बजेट समेत नहुने, ठेक्का प्रक्रिया अघि बढाएपछि अनेकन विवादहरु हुने र समयमै ठेक्का प्रक्रिया पूरा नभएर लाइसेन्स छपाइ हुन नसक्ने जस्ता अनेकन समस्याहरु दोहोरिरहेका छन् । विभागले नयाँ प्रिन्टर किन्न अघि बढाएको ठेक्का प्रक्रिया पनि विवादमा परेपछि स्थगित छ ।

पछिल्लो पटक १२ लाख लाइसेन्स छाप्न मिल्ने गरी कार्डको ठेक्का लागेपनि समयमै कार्ड नआइपुग्ने र आएपछि पनि ती कार्डलाई प्रणालीसँग अन्तरआवद्ध गर्न समस्या पर्ने देखिएको छ । यसैकारण विभागको वर्तमान नेतृत्व अब थप यस्ता समस्या नबोक्ने निष्कर्षमा पुगेको छ । यस्ता समस्याले विभागले आफ्नो अधिकार क्षेत्रमा धेरै काम नै गर्न पाएको छैन । प्रदेशहरुले वितरण गरेका लाइसेन्स छाप्ने काममा समेत अनेकन कचिंगल बोक्नु परेको कारण विभागमा महानिर्देशकहरु अवधिभरी नटिक्ने समस्या छ ।

'लाइसेन्सको छपाइ प्रदेशहरुकै काम भएकाले यसमा उनीहरुलाई नै सक्षम बनाउनुपर्छ, सबै प्रदेशले आ-आफ्नो प्रदेशबाट लाइसेन्स छपाइ गरेर गर्न सक्छन्', महानिर्देशक रिजालले भने, 'प्रदेशहरुलाई लाइसेन्स छाप्न विभागकै भर पर्नुपर्ने अवस्था राम्रो हैन ।'


समयमै लाइसेन्स वितरण गर्न नसक्दा प्रदेश अन्तर्गतका लाइसेन्स कार्यालयहरुलाई पनि समस्या भएको भन्दै उनले अब प्रदेशहरुले छपाइ मेसिन र कार्ड ल्याएर आफैंले छपाइ थाल्नुपर्ने बताए । स्मार्ट लाइसेन्सहरु मागअनुसार छाप्न र स्मार्ट भएपनि मेसिन अभावले जाँच्न नसकिएको अवस्था अन्त्य गर्न प्रदेशहरुले नै काम गर्नुपर्ने रिजालको भनाइ छ ।

'प्रदेशको काम संघले ओगटेर राख्दा समस्या झन् झन् जटिल भयो, अब विभागले अत्यावश्यकबाहेक थप लाइसेन्स छाप्दैन', उनले भने, 'प्रदेशहरुले आफ्नो नाम उल्लेख गरेर सरकारको पहिचान खुल्ने चिह्न राखेर लाइसेन्स छाप्न पाउँछन् ।'

*(स्रोत: अनलाइनखबर)*

'पूर्ण बहादुरको सारङ्गी'को टिजर:

# छोराका लागि बाबुले देखेको सपनाको कथा



काठमाडौं/आगामी कात्तिक १५ गते (लक्ष्मीपूजा)बाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को टिजर सार्वजनिक गरिएको छ । आइतबार सार्वजनिक करिब २ मिनेट लम्बाईको टिजरमा बाबु-छोराबीचको भावनात्मक सम्बन्धलाई देखाइएको छ । छोराका लागि बाबुले गरेको त्याग र देखेको सपनाको कथामा फिल्म केन्द्रित रहेको टिजरले प्रस्ट्याउन खोजेको छ । टिजर मर्मस्पर्शी छ ।

अभिनेता विजय बरालको दाह्री-जुँगा सेत्तै फूलेका छन् । गरिबीका कारण सारङ्गी रेट्दै गाउँ-गाउँमा पुग्छन् । दुःख र विरहका गीत गाउँछन् । तर, छोरालाई धेरै पढाएर ठूलो मान्छे बनाउने उनको सपना छ । उनको छोराको भूमिकामा देखिएका अभिनेता प्रकाश सपूत एसएलसीमा 'डिस्टिङ्सन' ल्याएर पढ्नका लागि सहर जाँदा उनी चढेको गाडी हेर्दै विजय गहभरी भएको दृश्य मन छुने छ ।

सरोज पौडेलको निर्देशनमा बनेको फिल्ममा विजय र प्रकाशसँगै मुकुन भुसाल, अञ्जना बराइली, माओत्से गुरुङ, देशभक्त खनाल, बुद्धि तामाङ, भोलाराज सापकोटा, विनोद न्यौपाने, अलिसा बास्तोला, जानवी पौडेल लगायतको अभिनय छ । सेभेन सिज सिनेमा तथा 'कबड्डी' निर्माण कम्पनी बाँसुरी फिल्मसको संयुक्त प्रस्तुतिमा बनेको फिल्मको निर्मातामा विनोद पौडेल र प्रतीक सुवेदी छन् ।

यो फिल्मलाई नेपाल सहित विश्वभर सेभेन सिज इन्टर टेनमेन्टले वितरण गर्दैछ । गन्धर्व परिवारको कथामा आधारित रहेको फिल्मको पटकथा तथा संवाद महेश दवाडीले लेखेका हुन् भने कथा निर्देशक पौडेल स्वयंको हो । रमेश चौलागाईं, हरि श्रेष्ठ र रमेश ढकाल कार्यकारी निर्माता रहेको फिल्ममा शिवराम श्रेष्ठको छायांकन छ भने प्रशान्त सिवाकोटीको संगीत र सुरेन्द्र पौडेलको सम्पादन छ ।

# कस्तो चल्यो 'वर एन्ड वधु' ?



काठमाडौं/गत बैशाख र जेठ महिना नेपाली फिल्मका लागि सम्झनलायक रह्यो । यो दुई महिनामा तीन फिल्म सफल भए । असारमा आएको 'घरज्वाइँ' पनि राम्रो चल्यो । तर, त्यसपछि नेपाली फिल्मको अवस्था विग्रिएको थियो । हरेक हप्ता हलमा फिल्म नटुटे पनि व्यापार कुनैको सन्तोषजनक रहेन । एक फिल्मका निर्माताले 'सुन उपहार दिन्छु' भनेर ललिपप देखाउँदा समेत दर्शकले चासो देखाएनन् ।

यो व्यापारिक खडेरीलाई तोड्नुपर्ने चुनौती बोकेर यही शुक्रबारदेखि फिल्म 'वर एन्ड वधु' प्रदर्शनमा उत्रिएको थियो । र, धेरैलाई यो फिल्मप्रति आशा पनि थियो । किनकि, यसमा केही स्थापित कलाकारहरु थिए । प्रचार राम्रो थियो । ट्रेलरले हाइप बनाएको थियो । यसैले व्यापार राम्रो हुनसक्ने अपेक्षा गरिनु स्वभाविक थियो । तर, फिल्मको व्यापार न निराशाजनक न उत्साहजनक देखिएको छ ।

प्रदर्शनको पहिलो दिन फिल्मको बिहानी शो अपेक्षाकृत भएन । दिउँसो केही 'पिकअप' लिए पनि व्यापारमा खासै सुधार हुन सकेन । साँझपख केही हलका केही शोजमा भने दर्शकको उपस्थिति रामै रह्यो । व्यापारका लागि सबै भन्दा महत्त्वपूर्ण मानिने शनिबारको बिदामा काठमाडौं उपत्यकाभित्र केही शोज हाउसफुल भएका थिए । अन्य शोजमा पनि फिल्मको अकुपेन्सी निराशाजनक थिएन ।

प्रदर्शनको दिनदेखि नै निर्देशक मिलन चाम्स, अभिनेत्री आँचल शर्मा, नव-अभिनेता विवेक कर्माचार्यसहितको टिमले विभिन्न हलमा पुगेर दर्शकको प्रतिक्रिया बुझेको थियो । उनीहरुलाई भेट्दा दर्शकहरु फोटो खिच्न झुम्मिएका थिए । प्रतिक्रिया पनि राम्रो मिलेको देखिन्थ्यो । खासगरी कलाकार दिनेश काफ्लेले हास्य शैलीमा फिल्ममा बोल्ने 'पानी खानु हुन्छ' भन्ने संवाद दर्शकले रुचाएका छन् ।

हल भ्रमणको क्रममा दर्शकको प्रतिक्रियाले उत्साहित देखिएका निर्देशक चाम्सले फिल्मको सिक्वेल बन्न सक्ने संकेत गरे । 'दर्शकले सिक्वेल चाहियो भन्नुभएको थियो । आगामी दिनमा पनि 'फ्लो' यही हिसाबमा गयो भने सिक्वेल त बनाउनै पर्छ । सिक्वेल बन्यो भने आँचल र विवेक दोहोरिनेछन् । उनीहरु नभए सिक्वेल बन्दैन,' उनले भने । आँचल र विवेक पनि दर्शक प्रतिक्रियाले खुसी देखिन्थे ।

# सहकारी ठगी प्रकरणमा रवि लामिछानेसहित ३ जनासँग प्रहरीले लियो बयान

काठमाडौं/पोखराको सूर्यदर्शन सहकारीको बचत अपचलनमा प्रहरीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेसँग बयान लिएको छ । जिल्ला प्रहरी कार्यालय कास्कीका डीएसपी वसन्तकुमार शर्मा सहितको टोलीले काठमाडौं आएर पूर्वगृहमन्त्री तथा सांसद लामिछाने, रास्वपाका सहमहामन्त्री विपिन आचार्य र नेपाल प्रहरीका पूर्वडीआईजी छविलाल जोशीसँग बयान लिएको हो ।

'लामिछानेको समेत नाम उल्लेख गरेर पूरक जाहेरी परेपछि त्यसबारे सोधपुछ गरिएको हो' प्रहरी उच्च स्रोतले संचारकर्मीसँग भन्यो, 'बयान भन्दा पनि यो प्रारम्भिक सोधपुछ हो ।' स्रोतका अनुसार उनीहरुको बयान लिएको एक हप्ता भइसकेको छ । सूर्यदर्शन सहकारीको रकम लामिछाने प्रबन्ध निर्देशक रहेको गोर्खा मिडिया प्रालिमा लगेको र लामिछानेकै नाममा समेत ऋण लिएको भेटिएपछि १६ माघ २०८० मा बचतकर्ताले उनीविरुद्ध पूरक जाहेरी दिएका थिए । तर, लामिछानेसहित तीनै जनाले सूर्यदर्शन सहकारी ठगी प्रकरणमा आफूहरुको संलग्नता अस्वीकार गरेका छन् ।

३१ असार २०७८ मा पुलेसो कर्जा मार्फत लामिछानेको नाममा सहकारीको १ करोड रकम निकासा गरिएको भेटिएको थियो । पछि उक्त ऋण फर्स्योट भएको पनि भेटिएको थियो । यसबारे प्रहरीले लामिछानेसँग सोधपुछ गरेको हो । 'प्रहरीले प्रारम्भिक सोधपुछ गरेको छ । यस विषयमा उहाँले सहकारीको कुनै रकम पनि नलिएको र त्यसको हिस्सेदार आफू नरहेको बताउनुभएको छ', प्रहरी स्रोतले भन्यो ।

रास्वपाका सहमहामन्त्री आचार्य गोर्खा मिडिया नेटवर्कको क्रिएटिभ डाइरेक्टर थिए । उनको नामबाट ६ पुस २०७८ मा सूर्यदर्शन सहकारीको १ करोड रुपैयाँ गोर्खा मिडियामा गएको थियो । ग्यालेक्सी टेलिभिजनका पूर्वसंस्थापक छविलाल जोशीसँग पनि प्रहरीले बयान लिएको छ । जोशी पनि ग्यालेक्सी टेलिभिजनको लगानीकर्ता अर्थात् जीबी (गितेन्द्रबाबु) राईका साझेदार थिए । पछि उनी गोर्खा मिडियाबाट बाहिरिएका थिए । सहकारीको रकम गोर्खा मिडियामा लगेर अपचलन गरिएको र उनी पनि गोर्खा मिडियाको कुनै समय साझेदार भएका हिसाबले प्रहरीले उनको पनि बयान लिएको हो ।

२४ माघ २०८० मा पूर्वडीआईजी जोशीले भाडामा लिएको शंखमूलस्थित घरमा छापा मारेर सहकारीका तथ्यांक रहेका चार वटा सर्भर समेत प्रहरीले बरामद गरेको थियो । डीआईजी जोशीको घरमा नेचर हर्ब्स इन्टरनेसनल प्रालिको कार्यालय राखिएको थियो । यसअघि उनीहरु तीनै जनासँग सहकारीको बचत अपचलनबारे छानबिन गर्न गठित संसदीय समितिले बयान लिएको थियो । २ भदौमा आचार्यसँग ७ भदौमा लामिछाने र जोशीसँग समितिले बयान लिएको थियो । स्रोतका अनुसार संसदीय समितिमा दिएकै जस्तो बयान उनीहरुले प्रहरी समक्ष दिएका छन् ।

प्रहरी स्रोतका अनुसार प्रहरीले गोर्खा मिडिया तथा ग्यालेक्सी टेलिभिजनको कार्यालयमा समेत खानतलासी गरेको थियो । 'सहकारी सम्बन्धी कागजात भेटिन सक्ने आशंकामा खानतलासी गरेका हौं । तर केही प्रमाण भेटिएन', प्रहरी स्रोतले भन्यो । प्रहरीले जोशीको घरमा रहेको नेचर हबको कार्यालयमा पनि प्रहरीले खानतलासी गरेको थियो ।

सूर्यदर्शन सहकारीले बचतकर्ताको १ अर्ब ११ करोड ३४ लाख ४३ हजार रुपैयाँ हिनामिना गरेको भन्दै बचतकर्ताले सहकारीका पदाधिकारी विरुद्ध जिल्ला प्रहरी कार्यालय कास्कीमा जाहेरी दिएका थिए । २०७६ सालदेखिको विवरण केलाउँदा १ अर्ब ३५ करोड ५३ लाख ५४ हजार ८९९ रुपैयाँ ठगिएको विवरण भेटिएको थियो । तर, काठमाडौं शंखमूलबाट चार वटा सर्भर बरामद गरेपछि २०७२ सालदेखिको ठगी विवरण पत्ता लागेको थियो । जसअनुसार सर्भर बरामद भएपछि ठगीको बिगो बढेर १ अर्ब ५० करोड ९० लाख ३० हजार ५०३ रुपैयाँ पुगेको भेटिएको छ ।

सूर्यदर्शन सहकारीको वचत अपचलनमा सुरुमा जाहेरी परेका १९ जनामध्ये पूर्वसञ्चालक शिवबहादुर गुरुङ (महेन्द्र भोटे), भविश्वर अर्याल, सहकारीका कोषाध्यक्ष कुमार रम्तेल, पूर्वउपाध्यक्ष कैलाश दर्लामी मगर र सञ्चालक समिति सदस्य प्रमोद भट्टराई पुर्पक्षका लागि थुनामा छन् । यो ठगी प्रकरणमा पछिल्लो पटक ३२ साउनमा काठमाडौं दक्षिणकालीबाट ४८ वर्षीय अनुज नकर्मी पक्राउ परेका थिए । उनी सूर्यदर्शनका पूर्वसचिव समेत हुन् । उनी पनि पुर्पक्षाका लागि कारागार चलान भइसकेका छन् । यो प्रकरणमा सहकारीका पूर्वअध्यक्ष जीबी राई, उनका दाजु भूपेन्द्र, हालका अध्यक्ष तथा व्यवस्थापक थानबहादुर बुढा, सञ्चालक धीरज कुमार दास, हेमन्त अधिकारी, मनोज नकर्मी, सुरज श्रेष्ठ, कविता तामाङ, आइस्मा गुरुङ, ललिता तामाङ, सागर केसी, दिनेश रोका, लेखा अधिकृत सृष्टि मानन्धर र कर्जा अधिकृत बुद्धि गुरुङ गरी १३ जना फरार छन् ।

*(स्रोत: अनलाइनखबर)*

# चुनावी गठबन्धनको विपक्षमा उभियो कांग्रेस

काठमाडौं/आगामी चुनावमा कसैसँग तालमेल नगर्ने प्रस्ताव अन्ततः नेपाली कांग्रेसले सर्वसम्मत पारित गरेको छ । आइतबार सकिएको केन्द्रीय समिति बैठकले आगामी चुनावमा कसैसँग तालमेल नगर्ने महामन्त्री थापाको प्रस्ताव पारित गरेको हो । 'हाम्रो आफ्नै संगठनलाई थप ऊर्जाशील बनाउँदै आमजनताको मत र विश्वास बढाएर नेपाली कांग्रेस एक्लै बहुमत ल्याउन सक्ने पार्टीका रूपमा पुनः स्थापित गर्नेछौं', निर्णयमा भनिएको छ ।

महामन्त्री थापाले यो प्रस्ताव गत फागुनमा सम्पन्न महासमिति बैठकमा राखेका थिए । तर महामन्त्री थापाको यस्तो प्रस्तावमा सभापति शेरबहादुर देउवाले विमति जनाए । महामन्त्री थापा आफ्नो प्रस्तावमा अडिग रहने र सभापति देउवाले अस्वीकार गर्दा नेताहरु दुई खेमामा विभाजित भएका थिए । त्यसबेला महामन्त्री थापाको प्रस्ताव थियो, 'पार्टी संगठन र समर्थक-शुभेच्छुकको ताकत र आम जनताको विश्वासमा आगामी आवधिक सबै तहको निर्वाचनमा पार्टी एक्लै लडेर पार्टीलाई पुनः एकल बहुमत सहितको लोकप्रिय पार्टीको रूपमा स्थापित गर्नेछौं ।'

देउवा पक्षीय नेताहरुले चुनावी तालमेल रणनीतिक विषय भएकाले सार्वजनिक निर्णय गरेर जान नहुने तर्क गरे । सभापति देउवा तयार नभएकाले महासमितिले निर्णय लिन सकेन । तर यही प्रस्तावलाई देखाएर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सत्ता समीकरण बदल्ने निर्णय गरेका थिए । गत २१ फागुनमा कांग्रेससँग सहकार्य तोडेर नेकपा एमालेसँग सत्ता साझेदारी गर्ने निर्णय गर्दा प्रचण्डले महामन्त्री थापाको प्रस्तावलाई देखाएका थिए । यद्यपि एमाले र माओवादीको सत्ता सहकार्य लामो समय चलेन । गत १७ असारमा कांग्रेस र एमालेबीच सात बुँदे सहमति मार्फत नयाँ सत्ता सहकार्य सुरु भएको छ ।

सत्ता समीकरण फेरिएपछि गत २३ साउनदेखि सभापति देउवाले केन्द्रीय समिति बैठक बोलाएका थिए । यो बैठकको एजेण्डा महासमितिमा छलफल भएर पारित हुन नसकेकै विषय थिए । अर्थात् चुनावी तालमेल, १५औं महाधिवेशनको कार्यतालिका, एक्जिट पोलिसी लगायत एजेण्डामा सहमति जुटाउनुपर्ने थियो । जसका लागि लामै छलफल भयो । गत ७ भदौमा केन्द्रीय समिति बैठक स्थगित गरेरै नेताहरुले छलफल गरेका थिए ।

सत्ता समीकरण फेरि एकाले चुनावी तालमेल नगर्ने महामन्त्री थापाको प्रस्ताव पारित गर्न धेरै समस्या थिएन । किनकि संस्थापन पक्षका नेताहरुले अडान छोडेका थिए । बाँकी एजेण्डामा भने सहमति जुटाउन सजिलो थिएन । त्यसैले बैठक बिना निष्कर्ष सकिने खतरा धेरै थियो । तर बैठक स्थगित गरेर मंगलबार र बिहीबार सभापति देउवाले शीर्ष ६ नेताहरु (सभापति देउवा, उपसभापतिद्वय पूर्णबहादुर खड्का र धनराज गुरुङ) दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा र केन्द्रीय सदस्य रमेश लेखक) को बैठक राखे । त्यही बैठकमा मोटामोटी निर्णयको खाका कोरियो, जसलाई केन्द्रीय समितिबाट पारित गरिएको छ । तर यसपटक निकै चर्चामा रहे पनि महामन्त्री विश्वप्रकाश शर्माको एक्जिट पोलिसीको प्रस्ताव पारित हुन सकेन । महामन्त्री शर्माको एक्जिट पोलिसीलाई संविधान संशोधनका बेला बहस गर्ने गरी थाती राखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# पूजा भन्छिन्, 'मलाई उत्कृष्ट मेकर बन्नु छ'

काठमाडौं/फिल्म निर्माण र अभिनय दुईटै विधामा सक्रिय छिन्, पूजा शर्मा । 'थ्री लभर्स'बाट अभिनय करिअर सुरु गरेकी उनले 'म यस्तो गीत गाउँछु'बाट पहिलो पटक निर्माणमा हात हालेकी थिइन् । त्यसपछि उनको निर्माण यात्रा रोकिएको छैन । 'रामकहानी' र 'म यस्तो गीत गाउँछु २'पछि अब पूजाको निर्माणमा बनेको चौथो फिल्म 'रावायण' यही भदौ २१ गते अर्थात् तीजको दिनबाट प्रदर्शन हुँदैछ ।

निर्माण र अभिनय दुवै जिम्मेवारीमा रहँदा दबाब ठूलो हुन्छ । यसैले अब पूजा आगामी फिल्मदेखि एउटा मात्र विधा रोज्ने योजनामा छिन् । 'कलाकार र निर्माता हुँदा दोहोरो दबाब हुँदो रहेछ । अब अर्को पटक कि म कलाकार हुन्छु कि मेकर । दुवैको जिम्मेवारी लिइरहँदा अभिनयसँगै के भयो, कसो भयो भन्ने चिन्ता भइरहने रहेछ । 'रावायण'ले मलाई ठूलो पाठ सिकाएको छ,' उनी भन्छिन् ।

'रावायण'मा पूजा सञ्चारकर्मीको भूमिकामा छिन् । रोचक कुरा के छ भने फिल्ममा आउनुभन्दा अगाडि उनी सञ्चार कर्ममा नै थिइन् । एक टेलिभिजनमा प्रस्तोतासँगै उनले रिपोर्टरको काम गर्थिन् । तर, फिल्ममा आएपछि उनको पत्रकारिता यात्रामा विश्राम लाग्यो । त्यसैले 'रावायण'मा पत्रकारको भूमिकामा अभिनय गर्न उनले केही अध्ययन गरिन् । नियमित रुपमा टीभीमा समाचार हेर्न थालिन् ।

'पत्रकारितामा १०-१२ वर्षको ग्याप भइसकेको छ । पहिला एउटा फ्लोमा पत्रकारिता गर्थें । फिल्ममा पत्रकारको भूमिकामा अभिनय गर्दा अलिक गम्भीर भएँ,' पूजा पात्रको तयारीबारे भन्छिन्, 'यो फिल्म मैले अहिलेसम्म गरेको भन्दा फरक थियो । त्यसैले बोलीचाली र लुक्समा ध्यान दिएँ । चरित्रकै लागि नियमित समाचार हेर्थें, को कसरी बोल्छ निहाल्थें । कतिपय अवस्थामा युट्युबमै पनि खोजें ।'

उनलाई फिल्ममा आफ्नो चरित्र एकदमै बलियो छ भन्ने लाग्छ । र, आफ्नै कारणले 'रावायण'को कथा अगाडि बढ्ने उनको दाबी छ । 'फिल्ममा जे जति घटना हुन्छन्, ती सबैको कारण म नै हुँ । यसले पनि मेरो चरित्र कति बलियो छ भन्ने बुझाउँछ,' पूजा भन्छिन् । फिल्ममा एसिड आक्रमणदेखि देशमा मानिसहरुले कसरी शक्ति दुरुपयोग गरेका छन् भन्ने कुरालाई देखाइएको उनको भनाई छ ।

पूजालाई अब 'उत्कृष्ट मेकर' बन्नु छ । त्यो प्रयासमा आफूलाई 'रावायण'ले सफल बनाउने उनको विश्वास छ । 'यसबाट म कलाकार भन्दा पनि मेकरका रुपमा स्थापित हुन चाहन्छु । म बेस्ट मेकर भएर आउँ भन्नकै लागि दर्शकलाई 'रावायण' दिँदैछु,' उनी भन्छिन्, 'अब मलाई पूजा शर्मा भनेर चिन्नकै खातिर कुदिरहनु पर्दैन । यसैले पनि यसपटक म मेकरका रुपमा 'फोकस' छु,' पूजाले भनिन् ।

'रावायण'मा पूजाको जोडीको रुपमा अभिनेता पल शाह प्रस्तुत छन् । यसअघि पलसँग उनले दुई फिल्ममा काम गरिसकेकी छन् । उनलाई पलसँग सहकार्य गर्न एकदमै पाउँदा सहज लाग्ने रहेछ । 'पलमा कलाकारमा हुनुपर्ने हरेक चिज, गुण छ । कोही कलाकार काममा चुजी भइदियो भने त्यसको असर अन्य कलाकार देखि प्राविधिकसम्मलाई पर्छ । तर, पल एक्दमै सहज छ', उनी भन्छिन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बिन्दाबासिनीलाई क्षतिपूर्ति दिने मन्त्रीपरिषद्को निर्णय

साझाकुरा संवाददाता

हेटौंडा,१६ भदौ/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद बिन्दबासिनी कंसाकारलाई तेजाब आक्रमणपछि उपचारका क्रममा भएको खर्च सरकारले क्षतिपूर्तिस्वरुप दिने भएको छ । आइतबार मन्त्रीपरिषद्को निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बिन्दबासिनीलाई क्षतिपूर्ति दिने निर्णय सार्वजनिक गरेका हुन् ।



'ज्यान मार्ने उद्योग मुद्दाको पीडित बिन्दबासिनी कंसाकारको उपचारमा खर्च भएको रकममध्ये फैसलाबमोजिम माफिक क्षतिपूर्ति रकम उपलब्ध गराउने र उक्त रकम प्रतिबादीबाट असुलउपर गरी पीडित राहत कोषमा सोधभर्ना गर्ने ब्यवस्था मिलाउने' निर्णय भएको सरकारका प्रवक्ता मन्त्री गुरुङले जानका दिएका छन् ।

तीन महिना अघि प्रतिनिधिसभाको महिला तथा बालबालिका समितिमा सांसद कंसाकारले आफ्नो बैंक खाता रोक्का रहेको, तलब-भत्ता समेत पाउन नसकेको गुनासो गरेकी थिइन् । 'एघार वर्ष अघिको घटनामा पीडित हेटौंडा-२ कि कंसाकारले अनेक ऋण-धन गरेर उपचार गर्नेक्रममा एउटा घर लिलाम भएको र अर्को लिलाम हुने चरणमा रहेको बताएकी थिइन् । १० वर्ष अगाडि ९ वैशाख २०७० मा हेटौंडामा आफ्नो भाँडा पसलमा बसिरहेकी बिन्दबासिनीलाई भारतीय नागरिक दिलीपराज केशरी (राज) ले प्रेम प्रस्ताव अस्वीकार गरेको भन्दै एसिड प्रहार गरेका थिए । घटनालगत्तै भारत पसेका केशरी ६ वर्षपछि बीरगंजको सीमावर्ती क्षेत्रबाट पक्राउ परेका थिए ।

प्रहरीले ज्यान मार्ने कसुर अन्तर्गत मुद्दा चलाएर दिलीपलाई अदालत पुऱ्यायो । त्यतिबेलासम्म नेपालमा एसिड आक्रमणसम्बन्धी छुट्टै कानुन बनेको थिएन । मकवानपुर जिल्ला अदालतले पीडक दिलीपलाई १ लाख रुपैयाँ जरिवाना र ८ वर्ष कैद सजाय तोकेको थियो । कंसाकार परिवारले उपचारमा भएको खर्चसहित क्षतिपूर्तिको माग गर्दै मुद्दा दायर गरेका थिए । एसिड आक्रमणपछि कंसाकार परिवारले उपचार गर्दा लागेको १ करोड १४ लाख ८५ हजार रुपैयाँको सक्कलै बिलभरपाई अदालतमा पेश गरेका थिए ।

मकवानपुर जिल्ला अदालतले यो रकम सके अपराधीबाट भराउनू, उसले तिर्न नसके नेपाल सरकारले उपलब्ध गराउनू भनेर आदेश दिएको थियो । जिल्ला अदालत मकवानपुरका तत्कालीन न्यायधीश कमलराज विष्टले फैसलामा गरेका थिए-'निज प्रतिवादीबाट उक्त रकम भराउन नसकिएमा पीडितलाई परेको पीडा र उपचारमा भएको खर्चका सम्बन्धमा मनासिव माफिकको क्षतिपूर्ति रकम नेपाल सरकारबाट स्थापना भएको अपराधपीडित क्षतिपूर्ति राहत कोषबाट भराइदिनू ।'

तर, अदालतले आदेश गरेको ५ वर्षसम्म कंसाकारले क्षतिपूर्ति पाएको थिइनन् । 'फैसलापछि पनि उपचारमा थप रकम खर्च भएको कंसाकारले बताएकी छन् । बिन्दबासिनीमाथि भएको एसिड आक्रमण पछि लगातार एसिड प्रहारका घटना सार्वजनिक हुन थालेपछि एसिड आक्रमणको विरुद्ध छुट्टै कानुन बनाउनुपर्ने आवाज उठेको थियो ।

चिकित्सकको सल्लाह बमोजिम नियमित उपचार, अध्ययनसँगै कुमारी बैंकको जागिरे जीवन बिताइरहेकी कंसाकार २०७९ को आमनिर्वाचनदेखि राजनीतिमा आइन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा लागेर राजनीतिमा आउने भएपछि उनले बैंकको जागिर छोडिन् । 'एसिड मात्र होइन, जलनका बारेमा नै अब सचेतना अभियान फैलाउनु पर्छ भनेर राजनीतिको बाटो रोजेको कंसाकारले बताएकी छिन् ।

गतवर्ष २ करोड रुपैयाँ घुस मागेको अभियोगमा रास्वपाले सांसद ढाकाकुमार श्रेष्ठलाई कारबाही गरेर उनको ठाउँमा कंसाकारलाई सांसद बनाउने निर्णय गरेपछि उनको जीवनमा युटर्न आएको थियो । राजनीतिमार्फत् नै एसिड र जलनका विषयमा सचेतना फैलाउन कस्सिएकी कंसाकारले तीन महिना अघि प्रतिनिधिसभाको महिला तथा बालबालिका समितिमा आफ्नो उपचारको क्रममा एउटा घर लिलाम भएको र अर्को घर पनि लिलामका लागि बैंकले ताकेता गरिरहेको गुनासो गरेकी थिइन् ।

# बकैया खोलाले बगाएर महिला बेपत्ता

साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/ मकवानपुरको बकैया गाउँपालिका-६ की ३६ वर्षीया नानुमाया तितुङलाई आइतबार बकैया खोलाले बगाएको छ ।

निजगढबाट बकैया फर्कने क्रममा खोलाले बगाएर नानुमाया बेपत्ता भएको बकैया-६ का वडाध्यक्ष फूलमान भोम्जनले जानकारी दिए । भोम्जनका अनुसार, खोला तर्नेक्रममा उनलाई बगाएको तराई-मधेस फास्ट ट्र्याकमा काम गर्ने मानिसले देखेका थिए । नानुमायाका छोरा छिरिङ तितुङ वैदेशिक रोजगारीका लागि विदेश जान लागेका थिए । १५ भदौमा श्रीमान् र छोराको साथमा गाडी चढेर उनी निजगढ गएकी थिइन् ।

श्रीमान् राजकुमार तितुङ र छोरासँगै १५ भादौमा निजगढमै बास बसेका थिए । आफन्तको बास बसेका उनीहरुले १६ भदौमा आ-आफ्नो गन्तव्यतर्फ लाग्ने सोच बनाए । सोही अनुसार १६ भदौ बिहानै नानुमायाले छोरालाई बिदाइ गरिन् । राजकुमार भने प्लेन चढाउनका लागि छोरोसँगै काठमाडौं जाने तयारीमा जुटे । नानुमाया हिँडेरै घर फर्किइन् । लामो बाटो छिचोलेर गाउँ आइपुग्नै लागेकी उनलाई बकैया खोलाले बगायो ।

उता, राजकुमार पनि छोरो लिएर काठमाडौं जान नभ्याउँदै कुकुरको टोकाईबाट घाइते भएका छन् । बिहान सबेरै कुकुरले टोकेपछि निजगढमै अल्मलिएका राजकुमारले श्रीमतीलाई खोलाले बगाएको खबर पाएका थिए । छोरो छिरिङ वैदेशिक रोजगारीका लागि साउदीअरब जान लागेका थिए । १७ भदौको उडानबाट साउदी जान हिँडेका छिरिङ आमालाई बगाएको खबरले गाउँमै फर्कँदै गरेको वडाध्यक्ष भोम्जनले जानकारी दिए । घटनास्थलमा सशस्त्र प्रहरी, नेपाली सेना, नेपाल प्रहरी लगायतको टोलीले खोजी गरि रहेको छ ।

# हेटौंडामा तरकारीको मूल्य आकाशियो

साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/ हेटौडामा तरकारीको मूल्य आकाशिएको छ । तरकारीको मूल्य छोइनसक्नु भएपछि सामान्य परिवारको भान्सामा समस्या भएको छ ।

आम उपभोक्ताको ढाड सेक्ने गरी तरकारीको मूल्यबृद्धि गरिएको हो । बिशेषगरी थोक बिक्रीमा भन्दा खुला बिक्रीमा तरकारीको मूल्य निकै बृद्धि गरिएको छ । आइतबार हेटौंडाको खोपेगल्लीमा काउली प्रतिकेजी १८० रुपैयाँमा र प्याज प्रतिकिलो १४० रुपैयाँमा खरिद गरिएको स्थानीय उपभोक्ताले बताए ।

हेटौंडाका कुनैपनि स्थानका तरकारी खुद्रा पसलमा तरकारीको मूल्य निकै बृद्धि भएको उपभोक्ताले गुनासो गरेका छन् । टमाटर प्रतिकेजी ८० रुपैयाँमा उपभोक्ताले खरिद गरि रहेका छन् । पसलैपिच्छेको आफ्नै मूल्य तोकेर तरकारी बिक्री हुँदा उपभोक्ता ठगिएका छन् । आफूहरुले बढी मूल्यमा खरिद गरेकाले उपभोक्तालाई पनि खरिदमा महगो परेको खोपेगल्लीका व्यापारीहरु बताउँछन् ।

काउली, टमाटर, प्याज मात्र होइन हरियो तरकारीको मूल्य छोइनसक्नु भएको छ । वर्षातको सिजन र भारतमा महँगो भएको बहानामा गोलभेंडा र प्याजको मूल्य अत्यधिक बढाइएको हो । यी बाहेक गाजर, बन्दा, मकैबोडी, घिउसिमी, परवर, खुर्सानी, लसुन, धनियाँ लगायतको मूल्य बढेको उपभोक्ताले बताए । तरकारीको मूल्यबृद्धि भइरहँदा पनि अनुगमन गर्ने निकाय चुप लागेर बसेको आरोप छ ।

# सार्वजनिक बिदामा अस्पतालको ओपीडी सञ्चालन गर्न निर्देशन

साझाकुरा संवाददाता




हेटौंडा, १६ भदौ/ सार्वजनिक बिदाको दिनमा पनि अस्पतालको बहिरङ्ग (ओपीडी) सेवा सञ्चालन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएको छ ।

कार्यालयका सहसचिव हीरामणि शर्माले मन्त्रालयलाई केही दिनअघि पत्र लेख्दै सार्वजनिक बिदाको दिनमा अस्पतालले ओपीडी सेवासहित सबै प्रकारका सेवाप्रवाह गर्न निर्देशन दिएका हुन् । गृह मन्त्रालयले जारी गरेको सूचनाको सार्वजनिक बिदा सम्बन्धी प्रकाशित राजपत्रको सूचनामा सार्वजनिक सेवा प्रवाहसम्बन्धी विशेष व्यवस्थाको उपप्रकरण १०.१ को खण्ड (न) मा भएको व्यवस्थाअनुसार निर्देशन जारी गरिएको पत्रमा उल्लेख छ ।

सूचनामा सबै प्रकारका अस्पतालबाट प्रवाह हुने स्वास्थ्य सम्बन्धी सेवा (बहिरङ्ग सेवासमेत) सार्वजनिक बिदाको दिनमा सञ्चालन गर्नुपर्ने उल्लेख छ । अधिकांश निकायबाट स्वास्थ्यसम्बन्धी सेवाप्रवाह भएको नपाइएको भन्ने जनगुनासो आएको हुँदा सार्वजनिक बिदाको दिनमा पनि सेवाप्रवाह गर्न भनिएको जनाइएको छ ।

मन्त्रिपरिषद् कार्यालयले गृह मन्त्रालयलाई सेवाप्रवाह गर्ने गराउने व्यवस्थाका लागि आवश्यक समन्वय र अनुगमन गर्न समेत अनुरोध गरेको छ । विशेष व्यवस्थामा अस्पतालसहित नागरिकतासम्बन्धी सेवा, राष्ट्रिय परिचयपत्र, राहदानी, वैदेशिक रोजगार सेवालगायत सेवा सार्वजनिक बिदाको दिन पनि अन्य दिनसरह सञ्चालन गर्नुपर्ने उल्लेख गरिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले मन्त्रिपरिषद् कार्यालयबाट सार्वजनिक दिनमा अस्पतालको बहिरङ्ग सेवा सञ्चालन गर्ने निर्देशन कार्यान्वयन गर्ने बताए । 'हामीले सबै अस्पताललाई मन्त्रालयबाट निर्णय गरेर पत्राचार गर्ने तयारीमा रहेका छौं,' उनले भने, 'सार्वजनिक बिदाको दिनमा काम गर्ने कर्मचारीलाई कसरी व्यवस्थापन गर्ने भन्नेमा हामी छलफलमा छौं ।' उनले सार्वजनिक बिदाको दिनमा बहिरङ्ग सेवा बाहेकको सबै सेवा सञ्चालन गरेको उल्लेख गर्दै बहिरङ्ग सेवा पनि कर्मचारीलाई अतिरिक्त समय काममा लगाए हुन्छ कि सिफ्टअनुसार हुन्छ भनेर छलफल गरिरहेको बताए ।

# बागमतीका डीआईजी केसीसहित ९० प्रहरी अधिकृत अवकाशमा

साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/ बागमती प्रदेशका प्रहरीप्रमुख डीआईजी विष्णु कुमार केसीसहित नेपाल प्रहरीका ९० जना प्रहरी अधिकृत अवकाशमा गएका छन् । शनिबार रातिबाट ३० वर्षे सेवाअवधि पुरा गरेका अधिकृतलाई आइतबार बिदाइ गरिएको छ ।

३० वर्षे सेवाअवधिविरुद्ध प्रहरी अधिकृतहरुले सर्वोच्चमा रिट दायर गरेपनि सर्वोच्च अदालतले अन्तरिम आदेशलाई निरन्तरता नदिँदा एकैपटक ठूलो संख्या अधिकृतहरु अवकाशमा गएका हुन् । भदौ ६ मा न्यायधीश हरि फुयाँलले ३० वर्षे सेवाअवधि कार्यान्वयन नगर्न दिएको आदेश न्यायधीश विनोद शर्मा र शारङ्गा सुवेदीले खारेज गरेका थिए ।

२०५१ भदौ १६ मा प्रहरीमा प्रवेश गरेर अवकाशमा जानेमा डीआईजी केसी र ११ जना वरिष्ठ उपरीक्षक (एसएसपी) छन् । अवकाशमा भएका एसएसपीमा दिनेशराज मैनाली, बेलबहादुर पाण्डे, रवि पौडेल, जीवन श्रेष्ठ, किसनसिंह थापा, रेवती ढकाल, चन्द्रदेव राई, नवीन राई, रवीन्द्र रेग्मी, दिल्लीराज विष्ट र वीरबहादुर ओली छन् । प्रहरी उपरीक्षक (एसपी)हरु अवदेश विष्ट, कृष्ण प्रसाईं र हीराबहादुर पाण्डेसहित अवकाशमा गएका छन् । सशस्त्र प्रहरीका डीआईजी अभि खत्री, दुर्गा भट्टराई र सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक विश्व भट्टराईसहित १८ जना अवकाशमा गएका छन् । १०५ टोलीमा भर्ना भएर उनीहरु सशस्त्रमा गएका थिए । अवकाश हुनेमा १५ जना डीएसपी छन् ।

सूचना ! सूचना !! सूचना !!!
अब किन जानु पऱ्यो विदेश ?
हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्
७०% बैंकिङ सुविधा

हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।
आजै सम्पर्क गर्नुहोस्
Singhababahini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

२०६२ सालदेखि चौकीटोल ओरालोमा रहेर सेवारत लामा फ्रेस मिट सप
अब नयाँ स्थान र नयाँ नाममा उही उत्कृष्ट सेवासहित...
ओम फ्रेस मिट सप
तपाईंको सेवामा



यहाँ ब्रोइलर, लोकल र लोहाटन कुखुरा तथा खसी, बोकाको मासु पाइनुका साथै चिकेन र मटन म:म को किमा पनि पाइन्छ ।
प्रोप्राइटर:
नुतन लामा
ओम फ्रेस मिट सप
हेटौंडा-२ चौकीटोल ओरालो (मन्त्रालय भवनको अगाडि)
सम्पर्क नं. ९८४५०२८४६६, ९८४५८६३७२१

DFSK EC 36
" हाम्रो सुमो सेवाको नौलो प्रस्तुती "

हाम्रो ई.भी. सेवा
हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो
काठमाण्डौं काउन्टर:-०१-५४०४४४४, ९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८
सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी
मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४०
पुरानो मकवानपुररोड
सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सचिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना